आज मिति २०८१ साल बैशाख ३० गते आईतबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको ३१ औ बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| क स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | — |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | — |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | — |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | — |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव ( प्रमुख प्रशासकीय अधिकृत ) | श्री हरि बहादुर भुजेल | |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरकार्यपालिकाको

बैठक संख्या ३१

# कार्यपालिका बैठकका प्रस्ताव सूचि

**मिति २०८१।१।३० गते**

१. गत बैठकको समिक्षा ।

२. हाल सम्मको आय व्यय सार्वजनिक ।

३. योजनाहरुको फरफराक सम्बन्धमा ।

४. नगर खेलकूद विकास समिति गठन ।

५. शहरी स्वास्थ क्लिनिकलाई स्वास्थ चौकीमा रुपान्तरण गर्ने सम्बन्धमा ।

६. घरबार बिहिनहरुको आवास कार्यक्रम सञ्चालन सम्बन्धमा ।

७. बाल समूह संञ्जालको विधान ।

८. वालमैत्री स्थानीय शासनका लागि तयार गरिएंको Child Profile सम्बन्धमा

९. न्वारढिक धुल्लु बिहारथला हाडीकोट सडक Veriation Order गरि काममा लगाउने सम्बन्धमा ।

१०. जग्गा वर्गीकरणको मापदण्ड सम्बन्धमा ।

११. नगर सभा तयारी सम्बन्धमा ।

१२. श्रेणीविहिन तथा प्राविधिक कर्मचारीको करारमा भर्ना गर्ने कार्यविधि संसोधन सम्बन्धमा ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## निर्णयहरु

### निर्णय नं १

यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा छलफल गरियो । अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखियो । प्रभावकारी रुपमा निर्णय कार्यान्वयनका लागि कार्यालयलाई सुझाव दिने निर्णय गरियो ।

### निर्णय नं २

पालिकाको हाल सम्मको आम्दानी र खर्चको विवरण निम्नानुसार रहेको जानकारी गराइयो । उपरोक्तानुसार प्रगति र आय व्यय विवरण अनुमोदन गर्ने र नगरपालिकाबाट हाल सम्म विभिन्न मितिमा भएका आयोजना तथा कार्यक्रम र प्रशासनिक खर्च तर्फका कार्यक्रम खर्च रकम फरफारक गर्ने निर्णय गरियो ।

### निर्णय नं ३

आर्थिक बर्ष २०८०।०८१ तर्फका निम्नानुसारका योजनाको सम्बन्धमा नगर स्तरीय अनुगमन समितिले पेश गरेको अनुमोदन प्रतिवेदन अनुसार फरफारक गर्न पेश भएका २६६ वटा योजनाको फरफारक अनुमोदन गर्ने निर्णय गरियो ।

### निर्णय नं ४

नगर खेलकूद विकास समिति गठन कार्यविधि २०८० को नियम ४ अनुसार नगर क्षेत्र भित्र खेल गतिविधि सञ्चालन गर्न निम्नानुसारको नगर खेलकूद विकास समिति गठन गर्ने निर्णय गरियो ।

| क स | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | ओमकार थापा | अध्यक्ष | जैमिनी १ |
| २ | माया थापा | उपाध्यक्ष | जैमिनी ८ |
| ३ | ललिता छन्त्याल | सदस्य | जैमिनी २ |

| | | | |
|---|---|---|---|
| ४ | सूर्य बहादुर पुन | सदस्य | जैमिनी ३ |
| ५ | हरि बहादुर थापा | सदस्य | जैमिनी ४ |
| ६ | रोशन मल्ल | सदस्य | जैमिनी ५ |
| ७ | नविन नेपाली | सदस्य | जैमिनी ६ |
| ८ | गोविन्द बहादुर थापा | सदस्य | जैमिनी ७ |
| ९ | मिना परियार | सदस्य | जैमिनी ९ |
| १० | फणिन्द्र थापा | सदस्य | जैमिनी १० |
| ११ | रेशम शर्मा | सदस्य | जैमिनी १० |
| १२ | अञ्जली सुनार | सदस्य | जैमिनी ५ |
| १३ | शिक्षा तथा खेलकूद शाखा प्रमुख | सदस्य सचिव | |

निर्णय नं ५

संघीय संरचना अनुसार साविकको एक गाउँ विकास समिति टुक्रिएर २ वडा निर्माण भएको जैमिनी न पा वडा नं ३ मा कुनै पनि स्वास्थ्य संस्था नभएको अवस्थामा नगरपालिकाले शहरी स्वास्थ्य संस्था स्थापना गरि सेवा प्रवाह भैरहेकोमा उक्त शहरी स्वास्थ्य केन्द्रलाई आधारभूत स्वास्थ्य केन्द्रमा स्तरोन्नती गर्ने र केन्द्रलाई आवाश्यक दरवन्दी सहित आवश्यक स्रोत साधनको व्यवस्थापनका लागि सम्बन्धित निकायमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

निर्णय नं ६

घरबार बिहिनहरुको आवास कार्यक्रम सञ्चालनका लागि यस बर्ष रु १५ लाख विनियोजन भएकोमा यस अघि घरबार विहिनको आवास कार्यक्रमका लागि योग्य सूचिमा रहेका नागरिकलाई प्रथम चरणमा आवास बनाउन दिने र यस बर्ष गठन भएको छनौट समितिलाई पुर्नगठन गरि कार्यपालिका सदस्य चिन्तामणी दर्जीलाई संयोजक चयन गरि सदस्यमा दुर्गादिवि पाध्या र गिता वि.क रहने गरि पुन काममा लगाउने निर्णय गरियो।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं ७

यस जैमिनी नगरपालिकामा बालमैत्री स्थानीय शासन घोषणा तथा दिगोपनाका लागि बालबालिकाको सहभागिता सुनिश्चित गर्ने उद्देश्यले तयार गरीएको बालसमूह/बालसमूह गठन तथा कार्य सञ्चालन बिधान पारित गर्ने निर्णय गरीयो। हालसम्म गठन र परिचालन भएका बालसमूह/बालसमूह सञ्जाल समेत यसै अनुरुप भएको मानिने समेत निर्णय गरियो।

निर्णय नं ८

यस जैमिनी नगरपालिकाको बालबालिकाको प्रारम्भिक वस्तुस्थिति विवरण घरधुरी सर्वेक्षण र अन्य द्वित्तिय तथ्याङ्कहरुको विश्लेषण गरी प्रथम मस्यौदामा छलफल र पृष्ठपोषणका आधारमा सुझावसहित अन्तिम मस्यौदा लेखन तथा तयार गरीएको child profile का विषयमा छलफल पश्चात पारित गरि छपाईका प्रकृया अगाडी बढाउन निर्देशन दिने निर्णय गरीयो।

निर्णय नं. ९

हाल गण्डकी प्रदेश सरकार सँगको समपुरक योजनाको रुपमा कार्यान्वयन भैरहेको न्वारढिक धुल्लु बिहारथला हाडीकोट सडकको सुरु विन्दु तर्फको भाग नाली सहित थप संरचना नबनाई सडक दिगो र प्राविधिक हिसाबले पूर्ण हुने नदेखिएकाले सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ संसोधन तथा जैमिनी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७८ अनुसार १६.९१ प्रतिशत रकम प्राविधिक शाखाको राय अनुसारको Variation Order स्वीकृत गरि काममा लगाउने निर्णय गरियो ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरकार्यपालिकाको | बैठक संख्या ३१

# निर्णय नं १०

"भू-उपयोग ऐन २०७६", "भू-उपयोग नियमावली २०७९" र "जैमिनी नगरपालिकाको भू-उपयोग कार्यविधि २०७९" बमोजिम जैमिनी नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरणको आधार तथा मापदण्डहरु देहाय अनुसार गर्ने सर्वसम्मत निर्णय गरियो।

१ "भू-उपयोग नियमावली २०७९" अनुसार बसोबास, व्यावसायिक क्षेत्र वा अन्य उपयोग भएको क्षेत्रसँग जोडिएको भए- तापनि कित्ताको क्षेत्रफल ५००० (पाँचहजार) वर्ग मिटर भन्दा बढी भई खेती गरिएको वा खनजोत गरिएको वा प्रति बाँझो रहेको जग्गालाई कृषि क्षेत्रमा वर्गीकरण गर्नु पर्ने भएतापनि स्थानिय आवश्यकताका आधारमा आवासिय वा व्यावसायीक मापदण्ड बमोजिमको क्षेत्रमा वर्गीकरण गरिनेछ।

२ नापी विभागले उपलब्ध गराएको कित्ता नापी नक्सामा कतिपय कित्ता नम्बरहरु नबुझिने (जस्तै ० अथवा ९९९९९ वा एक्रम नमिल्दो) देखिन्छ। तिनिहरुलाई पनि हाल मापदण्ड अनुसारनै भू-उपयोग क्षेत्र वर्गीकरण गरिने छ। त्यस्ता कित्ताहरुको हकमा कुनैपनि जग्गा धनीले स-प्रमाण पेश गरेमा नगरपालिकाले अद्यावधिक गरि सिफारिस दिनुपर्नेछ र सोही समयमा त्यस्ता कित्ताहरुको परिमार्जन समेत गर्नुपर्नेछ।

३ केही ठाउँहरुमा कित्ता नापी नक्शामा बाटो नदेखिएको तर फिल्डमा बाटो कायम भई चलन चल्तिमा रहेकोले सडकको वर्ग अनुसारको मापदण्ड बमोजिम आवासिय वा व्यावसायीक मापडण्ड बमोजीम वर्गीकरण गरिनेछ।

४ जग्गा वर्गीकरण गर्दा एउटै कित्ता दुई क्षेत्रमा परेमा ५०% भन्दा बढी जुन क्षेत्रमा पर्दछ सोहि क्षेत्रमा वर्गीकरण गरिने छ, दुई भन्दा बढी क्षेत्रमा परेमा सबैभन्दा बढी जुन क्षेत्रमा पर्छ सोहि क्षेत्रमा वर्गीकरण गरिनेछ। सडकसँग जोडिएका आवासिय वा व्यावसायिक क्षेत्रलाई मापदण्ड बमोजिमनै वर्गीकरण गरिनेछ।

**(क) कृषि क्षेत्र**

(१) अन्नबाली, दलहन, तेलहन वा अन्य नगदे बाली लगायतको खेतिपातीको लागि उपयोग भइरहेको जग्गा,

(२) फलफुलको बगैंचा वा नर्सरी, तरकारी, सागपात, व्यावसायिक फुलको खेती, सो को नर्सरी लगायतको जग्गा,

(३) पशुपन्छी पालन वा पशुपन्छीको आहाराको लागि प्रयोग हुने दाना घाँस वा वनस्पति उत्पादन लगायतको लागि उपयोग भएको जग्गा,

(४) सरकारी र सार्वजनिक वनक्षेत्र बाहेकका आवादी क्षेत्रभित्र भएका खरबारी, घाँसे मैदान, चरण क्षेत्र तथा रुख वा झाडी भएको जग्गा,

(५) निजी जग्गा वन पैदावर वा जडिबुटी उत्पादन गर्ने उद्देश्यले हुर्काइएका वनस्पती वा जडिबुटी भएको जग्गा,

(६) निजि वा सरकारी सार्वजनिक जग्गामा कृत्रिम पोखरी बनाई माछापालन गरिएको जग्गा,

(७) कृषि उत्पादनको रेखदेख गर्न, भण्डार गर्न, सुकाउन तथा प्रसोधन गर्न वा पशुपालनको लागि प्रयोग भएको कुनै पनि भौतिक संरचना वा घर, टहरा आदी भएको जग्गा,

(८) खनजोत गरी खेति लगाउन तयार गरिएको जग्गा वा खेति लगाउन उपयुक्त हुन सक्ने आवाद लायक पर्ती वा बाँझो जग्गा,

(९) हाल वस्ति कायम नभएका नहर र कृषि सडकहरुको दाँयाबायाँका क्षेत्रको जग्गा ।

**(ख) आवासीय क्षेत्र**

१ कालिगण्डकी कोरिडको क्षेत्राअधिकारको क्षेत्र बाहेक सडकको लम्बवत् रुपमा ७० मिटर दायाँबायाँको क्षेत्र

२ 'क' वर्गसडकहरुको सडक क्षेत्राअधिकारको क्षेत्र बाहेक सडकको लम्बवत् रुपमा ५० मिटर दायाँवायाँको क्षेत्र ।

३ 'ख' वर्ग सडकहरुको सडक क्षेत्राअधिकारको क्षेत्र बाहेक सडकको लम्बवत् रुपमा ३० मिटर दायाँवायाँको क्षेत्र ।

४ 'ग' वर्ग सडकहरुको सडक क्षेत्राअधिकारको क्षेत्र बाहेक सडकको लम्बवत् रुपमा २० मिटर दायाँबायाँको क्षेत्र ।

५ 'घ' वर्ग सडकहरुको सडक क्षेत्राअधिकारको क्षेत्र बाहेक सडकको लम्बवत् रुपमा १० मिटर दायाँबायाँको क्षेत्र ।

६ एकल घरको दायाँबायाँ १० मिटरसम्म पर्ने क्षेत्र ।

७ हाल आवासीय प्रयोगमा रहेको घर, जग्गा र सोले चर्चेको जग्गा ।

**(ग) व्यावसायिक क्षेत्र**

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

१. कालिगण्डकी कोरिडाको क्षेत्राअधिकारको क्षेत्र बाहेक सडकको लम्ववत् रुपमा २० मिटर दायाँबायाँको क्षेत्र ।

२. नगरपालिका रहेको बजार क्षेत्र तथा सम्पुर्ण वडाकार्यालय रहेको स्थान सडक सँग जोडियको लम्बवत १०० मिटर सम्म दायाँ बायाँ सडक संग जोडिएका कित्ता साथै नाम्दुक, डाडाखानी, व्यार्थला, गाजाँदह, मारुनी होमस्टे, बाँओ, सुनतला- चौर, सराते, ठेउले, ढुस, न्वारा ढिक, लौवा, छोरेलौवा, कुईधाङ्ग, वाजाँखेत, निरिङ्गे, जिम्रिघाट, हल्लनचोक, रिठाबोट, अर्के, रापुङ्ग, सतिढुङ्गा, ओख्लेचौर, रिठेडाडा, देउराली, पाई, रुम्टा, नाम्सु, बिजुवा, अमरापूरी, बनाउँ, पोखराचौर, जमडाँडा जाडी आदी क्षेत्रलाई व्यावसायिक क्षेत्रमा वर्गीकरण गर्ने ।

३. मा.वि तथा सो भन्दा माथिका शैक्षिक सँस्था रहेको स्थान देखि सडक सँग जोडीयको लम्ववत १०० मिटर सम्म दायाँ बायाँ सडक संग जोडिएका कित्ता ।

**(घ) औद्योगिक क्षेत्र**

१.आवश्यकता अनुसार भू-उपयोग परिषद्ले तोकेको क्षेत्र ।

**(ङ खानी तथा खनिज क्षेत्र**

खानी तथा भूर्गभ विभागको अनुमती लिई नगरपालिकाले स्वीकृती दिएको क्षेत्र (खोला र खोलाक्षेत्रले ओगटेको क्षेत्रबाहेक) खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने ।

**(च) वन क्षेत्र**

हाल कायम सबै किसिमका वन पैदावार क्षेत्र (निजी जग्गामा भएको नर्सरी बाहेक) लाई वन क्षेत्रमा वर्गीकरण गर्ने ।

**(छ) नदी, खोला, ताल सिमसार क्षेत्र**

हाल उपयोगमा रहेका नदी, खोला तथा खोलाले ओगटेको क्षेत्र, ताल तलैया पोखरी (व्यक्तिको निजी पोखरी बाहेक) लगायतका पानीजन्य उपयोग क्षेत्रलाई नदी, खोला, ताल सिमसार क्षेत्रमा वर्गीकरण गर्ने ।

**(ज) सार्वजनिक उपयोगको क्षेत्र**

सरकारी सार्वजनिक तथा सामुदायिक प्रयोजनका लागी प्रयोग हुने जग्गा (सेवा प्रदान गर्ने सरकारी कार्यालय बाहेक) लाई सार्वजनिक क्षेत्रमा वर्गीकरण गर्ने ।

**(झ) साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र**

हाल उपयोगमा रहेका मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको खाली जग्गा, परापुर्वककाल देखिका ऐतिहासिक धरोहर, सांस्कृतिक धरोहर, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा (व्यक्तीको कित्तामा भएको बाहेक) वर्गीकरण गर्ने ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

(ञ) अन्य क्षेत्र

(क) देखी (झ) बाहेको क्षेत्र ।

## निर्णय नं ११

जैमिनी नगरपालिकाको १५ नगर सभा तयारी सम्बन्धमा निम्नानुसारले तयारी गर्ने ।

१. नगरसभामा पेश गर्ने कानून र प्रस्तावहरु तयार गर्न नगर भित्रका विभिन्न विषयगत समितिहरु क्रयाशिल हुने ।

२. टोल र वस्तीस्तरका आवश्यकता पहिचान गर्न सहभागितामूलक योजना छनौट पद्दति अबलम्बन गरि प्राप्त मार्गनिर्देशन अनुसार प्राथमिकतासाथ निर्धारित समयमा नगरपालिकामा पेश गर्ने ।

३. नगरसभाले लिने नीति कार्यक्रम र बजेट सम्बन्धमा सरोकारवाला सबै नागरिकको सल्लाह सुझाव र रायका लागि सार्वजनिक आह्वान गर्ने ।

४. नगर भित्र रहेका विभिन्न क्षेत्रगत समितिहरुले आफ्नो प्रगतिको समिक्षा गरि प्रतिवेदन तयारी गर्ने ।

## निर्णय नं १२

श्रेणीविहिन तथा प्राविधिक कर्मचारीको करारमा भर्ना गर्ने कार्यविधि २०७८ मा नियम ९ को उपनियम ३ थप गरि निम्नानुसारको प्रावधानको व्यवस्था गर्ने निर्णय गरियो ।

निम्न

"श्रेणीविहिन वा प्राविधिक कर्मचारी १ बर्ष अवधी अगावै जागिर छाडि गएमा वा अन्य कुनै कारणले पदरिक्त भएमा निजको स्थानमा सोहि सूचना वा समान तह र पदको सूचना अनुसारको परिक्षामा सहभागी भई बैकल्पिक सूचिमा छनौटमा परेको व्यक्तिलाई रिक्त पदमा करार नियुक्ति दिन सकिनेछ ।"

२०७९/१/१०

हरि बहादुर भण्डेल
प्रमुख प्रशासकीय अधिकृत